# उच्चमाध्यमिक तहको परीक्षा सञ्चालनको स्थिति

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह, एम.एड. द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय अन्तर्गत आंशिक आवश्यकता पुरा गर्नको लागि तयार पारिएको

शोधपत्र

शोधकर्ता

रामप्रसाद शर्मा

त्रि. वि. रजिष्ट्रेशन नं. ६३२८-९४

सिम्बोल नं. २८००८८/२०६१

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर,काठमाण्डौ

२०६९

त्रिभुवन विश्वविद्यालय

**शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

कीर्तिपुर, काठमाण्डौ

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर काठमाडौंमा स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री रामप्रसाद शर्माले मेरो प्रत्यक्ष निर्देशनमा रही **"उच्चमाध्यमिक तहको परीक्षा सञ्चालनको स्थिति"** शिर्षकको शोधपत्र तयार गर्नु भएकोले उहाँको उक्त शोधपत्र प्रतिवेदनलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..................

**शोध निर्देशक**

मिती: ७ फेब्रुवरी, २०१३

**उप.प्रा. त्रिलोचन घिमिरे**

त्रिभुवन विश्वविद्यालय

**शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

कीर्तिपुर, काठमाडौं

## स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर काठमाडौंमा स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री रामप्रसाद शर्माले **"उच्चमाध्यमिक तहको परीक्षा सञ्चालनको स्थिति"** शिर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिको लागि सिफरिस भई आएकाले यो शोधपत्रलाई यस मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| **प्रा. स्वयं प्रकाश ज.ब.रा.** | |
| (विभागीय प्रमुख) | .................... |
| **उप प्रा. त्रिलोचन घिमिरे** | |
| (शोध निर्देशक) | .................... |
| **शिवराज बडु** | |
| (बाह्य परीक्षक) | .................... |

मिती: १४ फेब्रुवरी, २०१३

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध पत्र त्रि.वि.वि. शिक्षा शास्त्र केन्द्रिय विभागमा स्नातकोत्तर तह दास्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आवश्यकता पूरा गर्नको लागि तयार पारिएको हो । सोधपत्र तयार गर्ने क्रममा शोध निर्देशकको रुपमा हरेक समयमा निरन्तर रुपमा पृष्ठपोषण, सल्लाह र सुझाव दिई सोध कार्यमा पूर्ण रुपमा सहयोग गरी यसलाई गुणात्मकता प्रदान गर्न मद्दत गर्नुहुने आदरणीय गुरु उप–प्रा श्री त्रिलोचन घिमिरेज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्र तयारीको क्रममा प्रत्यक्ष रुपमा आवश्यक मार्गदर्शन, सल्लाह, सुझाव र प्रोत्साहन प्रदान गरी सहयोग गर्नुहुने आदरणीय गुरु एवं पाठ्यक्रम तथा मूल्याङ्कन विभाग प्रमुख प्रा. स्वयंप्रकाश जबराज्यू मा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी सोधपत्र तयार गर्न सहयोग गर्नुहुने आदरणीय गुरुहरु उप–प्रा. किरणराम रञ्जितकार, उप–प्रा श्री शिवराज बडु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

सोधपत्र तयार गर्न सघाउ पुर्‍याउने सम्पूर्ण गुरुवर्ग, साथीहरु, शिक्षक/शिक्षिका ज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । तथ्याङ्क उपलब्ध गराई सहयोग पुर्‍याउने उ.मा.शि.प. का पदाधिकारी/कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु साथै परीक्षा केन्द्र सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने श्रीवागीश्वरी उमावि भक्तपूर, कन्या उमावि, डिल्लीबजार काठमाण्डौ, आदर्शकन्या उमावि, ललितपूर, ग्रामर पब्लिक उमावि कोटेश्वर काठमाण्डौ, पेन्टागन उमावि तीनकुने, काठमाण्डौका केन्द्राध्यक्ष, निरिक्षक, पर्यवेक्षक, शिक्षकहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । उत्तरपुस्तिका परीक्षण केन्द्रमा कार्यरत उत्तरपुस्तिका परीक्षकज्यूहरुबाट शोधपत्र तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराईदिनु भएकोमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा, कम्प्यूटर टाइप गरी शोधपत्र तयार गर्न सहयोग गर्नुहुने गीता कंडेलज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**शोधार्थी**

रामप्रसाद शर्मा

मिति : ४ फेब्रुवरी, २०१३

## शोधसार

परीक्षा विद्यार्थीहरुको उपलब्धी मापन गर्ने उत्कृष्ट विधि हो, निश्चित समयमा पाठ्यक्रमले तोकेका विषयबस्तुहरुको उपलब्धी के कति मात्रामा भयो भनी मापन गर्ने औपचारिक विधी नै परीक्षा हो । विद्यार्थीहरुको उपलब्धी मापन गरी उनीहरुलाई औपचारिक शिक्षाको स्तर निर्धारण गरी प्रमाणपत्र दिन समेत परीक्षाले मद्दत पुर्‍याउछ । औपचारिक शिक्षा प्रणालीमा जनशक्तिको गुणस्तर हेर्ने एउटा आधार उसले परीक्षामा देखाएको उपलब्धी पनि हो भन्न सकिन्छ । त्यसैले औपचारिक शिक्षा प्रणालीमा पाठ्यक्रमले तोकेका विषयवस्तुहरुमा विद्यार्थीहरुको कस्तो दखल रह्यो भनी हेर्नु अति आवश्यक हुन्छ त्यसको माध्यम औपचारिक परीक्षा नै हो भन्न सकिन्छ । परीक्षालाई विश्वसनिय र वैध बनाउन त्यसको सञ्चालन प्रक्रिया र नतिजा प्रकाशन प्रक्रियाले पनि प्रमुख भूमिका खेल्दछ ।

यो अध्ययन उच्चमाध्यमिक शिक्षा परिषदले सञ्चालन गर्ने कक्षा ११ र १२ को वार्षिक परीक्षासंग सम्बन्धीत छ, परिषदले परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा के कस्तो प्रक्रिया अपनाई परीक्षाको वैद्यता र विश्वसनियता कायम गर्ने प्रयास गरेको छ भन्ने कुरामा केन्द्रित छ । अध्ययन परीक्षा सञ्चालनको स्थिती अन्तर्गत परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा केन्द्रित छ जसमा परीक्षा सञ्चालन र नतिजा प्रकाशनको विद्यमान वास्तविक अवस्था पत्ता लगाउने, समस्याहरुको पहिचान गर्ने र समस्या समाधान गर्न आवश्यक सुझाव प्रदान गर्ने उद्धेश्य राखिएको थियो । अध्ययनमा परीक्षा सञ्चालन र नतिजा प्रकाशनका छुट्टा छुट्टै सुचकहरुको पहिचान गरिएको छ जसमा परीक्षा सञ्चालन अन्तर्गत  परीक्षा सञ्चालनको लागी उपयुक्त ठाउ र सामग्रीहरुको व्यावस्था, प्रश्नपत्रको गोपनीयता कायम, परीक्षा सञ्चालन सम्बन्धमा दिइने निर्देशन, परीक्षा निरीक्षण एवं चोरी रोकथाम, उत्तरपुस्तिका संकलन, परीक्षा सञ्चालनमा परिषदले खेलेको भूमिका, समन्वय, निर्देशन आदि त्यसैगरी नतिजा प्रकाशन अन्तर्गत उत्तरपुस्तिका प्याकिङ्ग एवं कोडिङ्ग, उ.पु.परीक्षकहरुको व्यवस्था, उत्तरपुस्तिका परीक्षण, प्राप्तांक इन्ट्री एवं रुजु, नतिजा तयारी र सुरक्षा व्यावस्था, नतिजा प्रकाशन र प्रमाणपत्र वितरण लाई लिइएको छ ।

परीक्षा सञ्चालन सम्बन्धमा अध्ययन गर्न काठमाण्डौ उपत्यकाका ५ वटा उच्च माध्यमिक विद्यालयहरु ( वागीश्वरी उमावि भक्तपुर, कन्या उमावि डिल्लीबजार, ग्रामर उमावि कोटेश्वर, पेन्टागन उमावि तिनकुने, आदर्श उमावि ललितपुर) मा परीक्षा सञ्चालन कै अवधिमा विभिन्न प्रश्नावली तयार गरी केन्द्राध्यक्ष, निरिक्षक, पर्यवेक्षकलाई सोधिएको छ भने स्थलगत रुपमा अवलोकन गरी परीक्षा सञ्चालनको अवस्था बुझ्ने तथा मौखिक अन्तर्वार्ता र अनौपचारिक छलफलद्धारा समेत सबल र दुर्बल पक्षहरु पहिचान गर्ने प्रयास गरिएको छ त्यसै गरि नतिजा प्रकाशन सम्बन्धमा परिषद कै कार्यालयमा हुने उत्तरपुस्तिका प्याकिङ्गमा संलग्न कर्मचारी, परिषदले तोकेका उत्तरपुस्तिका परीक्षण केन्द्रमा उपस्थित उत्तरपुस्तिका परिक्षकहरुलाई प्रश्नावली तयार गरी उनीहरुको राय संकलन गरिएको छ । समग्रमा अध्ययनको लागी ५ वटा परीक्षा केन्द्रका ५ जना केन्द्राध्यक्षहरु, ५ जना पर्यवेक्षकहरु,

परिषदका ५ जना कर्मचारी/पदाधिकारीहरु, उत्तरपुस्तिका परीक्षकहरु मध्यबाट विभिन्न विषयका पर्ने गरी ४० शिक्षकहरुबाट राय संकलन गरिएको थियो । केन्द्र निर्धारणमा परिषदले सहभागीतामुलक प्रणाली अपनाउन नसकेको, परीक्षा सञ्चालन खर्च नपुग रहेको, प्रश्नपत्र नपुग हुने गरेको, परीक्षा सम्बन्धी निर्देशनहरु अपर्याप्त र समयमै प्राप्त हुने नगरेको, पर्यवेक्षकको भुमिका प्रभावकारी हुन नसकेको , पर्यवेक्षक छनौट प्रक्रिया पारदर्शी र बस्तुनिष्ट हुन नसकेको जस्ता समस्याहरु देखाईयो । उत्तर पुस्तिका परीक्षणमा सहभागी शिक्षकहरुबाट परीक्षणमा कपि वितरण प्रभावकारी नभएको, कर्मचारीको व्यावहार शिक्षकहरु प्रति राम्रो नभएको उ.पु. परिक्षणको पारिश्रमिक न्यून रहेको जस्ता समस्याहरु देखाइए भने परीक्षणमा खटिने परिषदका कर्मचारीहरुले शिक्षकहरु बढी पैसा कमाउने लोभमा उ.पु. परिक्षणमा संवेदनशील हुन नसकेको, कर्मचारीहरु प्रति राम्रो व्यावहार नदेखाउने गरेको आदि समस्याहरु देखाईयो ।

अवलोकनको क्रममा परीक्षा केन्द्रमा परीक्षार्थीहरुको बसाइ योजना, परीक्षामा भौतिक सामाग्रीहरुको व्यावस्थापन जस्ता कुराहरुको अवस्था हेर्ने प्रयास गरिएको थियो सबै परीक्षा केन्द्रमा १ डेस्क बेन्चमा २ जना परीक्षार्थीहरु राखेको पाईयो भने एउटा परीक्षा केन्द्रमा परीक्षार्थीहरुको बसाई अलि सघन पारिएको ले चोरी रोगथाम गर्न प्रभावकारी उपाय अपनाउन नसकेको देखियो । त्यसैगरी उत्तरपुस्तिका परीक्षणमा सहभागी शिक्षकहरुको शैक्षिक योग्यता स्पष्ट नहुदा उ.पु. परीक्षण प्रभावकारी हुन नसकेको देखियो । उत्तर पुस्तिका वितरणमा खटिने कर्मचारीहरुले संवेदनशील भई कार्य नगर्दा शिक्षकहरुमा नकारात्मक प्रभाव पर्न गई उत्तर पुस्तिका परीक्षण कार्य समेत प्रभावीत हुन सक्ने देखियो, त्यसैले त्यस्तो काममा खटिने कर्मचारीहरुलाई थप निर्देशन र नियन्त्रणको आवश्यकता महसुस भयो । त्यसैगरी उत्तर पुस्तिका भण्डारणको वातावरण राम्रो देखिएन भने प्राप्ताङ्क ईन्ट्रि २ ठाउमा हुने गरेको भएपनि दुवै ठाउँमा परिषदकै कर्मचारीहरु उपयोग गर्दा विश्वसनियता कायम गर्न कठीन हुन सक्ने देखियो ।

समग्र परीक्षा सञ्चालन र नतिजा प्रकाशनको निमित्त परिषदले केन्द्र निर्धारणमा विद्यालयहरुलाई सहभागी गराउनु पर्ने, केन्द्रमा दिईने परीक्षा सञ्चालन खर्चमा बृद्धि गर्नु पर्ने, पर्यवेक्षक छनौट प्रक्रिया पारदर्शी र वस्तुनिष्ट हुनुपर्ने, समयमै परीक्षार्थीहरुको प्रवेशपत्र सम्बन्धीत विद्यालयहरुमा पुर्‍याउनु पर्ने जस्ता सुझावहरु समेटिएको छ भने नतिजा प्रकाशन प्रक्रिया सम्बन्धमा उ.पु. प्याकिङ्गको लागि पर्याप्त ठाउँको व्यवस्था मिलाउनु पर्ने, तत्कालमा परिक्षण केन्द्रहरु विषयगत रुपमा थप गर्ने र पछि परीक्षण हल निर्माण गर्नुपर्ने शिक्षकहरुको उ.पु. परिक्षणको पारिश्रमिक बृद्धि गर्नु पर्ने, परिक्षा प्रणालीलाई थप व्यवस्थित गर्न परीक्षाको कार्य प्रक्रिया सम्बन्धी आन्तरिक र वाह्य योजना तर्जुमा गरी कार्यन्वयन गर्नु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ ।

समग्रमा परिषदको परीक्षा प्रणालीमा सुधार ल्याउन कार्यप्रक्रियागत योजना तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने र परीक्षा सञ्चालन प्रक्रियालाई प्रभावकारी बनाउन सरोकारवालाहरुले अपनत्व ग्रहण गर्ने वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

# विषयसूची

| | |
|---|---|
| | पेज नं. |
| सिफारिस पत्र | I |
| स्वीकृती पत्र | II |
| कृतज्ञताज्ञापन | III |
| शोधसार | IV |
| विषय सूची | VI |
| तालिका सूची | IX |
| संक्षेपिकृत रुप | X |
| **अध्याय-एक** | |
| परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अध्ययनको सिमाङ्कन | ८ |
| **अध्याय-दुई** | |
| पूर्व साहित्यको समीक्षा | |
| २.१ साहित्यको पूनरावलोकन | ९ |
| २.१.१ सैद्धान्तिक साहित्यको पूनरावलोकन | ९ |

२.१.२ विषयगत साहित्यको पूनरावलोकन १०

२.२ अध्ययनको अवधारणात्मक ढाँचा १२

**अध्याय-तीन**

अध्ययन विधि

३.१ अध्ययनको ढाँचा १३

३.२ नमूना छनौट १४

३.३ साधन निर्माण १४

३.४ सूचना संकलन प्रक्रिया १५

३.५ तथ्याङ्कका श्रोतहरु १५

३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १६

**अध्याय–चार**

तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ परीक्षार्थी विवरण १७

४.२ परीक्षा सञ्चालनको स्थिति १८

४.३ नतिजा प्रकाशन प्रक्रिया २६

**अध्याय– पाँच**

प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ३१

५.१.१ परीक्षार्थीहरुको संख्यात्मक स्थिति सम्बन्धी ३१

५.१.२ कक्षा ११ र १२ को परीक्षा संचालन सम्बन्धमा पत्ता लागेका कुराहरु ३१

५.१.३ उमाशिपद्वारा संचालित परीक्षाको नतिजा प्रकाशन प्रक्रिया सम्बन्धमा पत्ता लागेका कुराहरु ३२

५.२ निष्कर्ष ३३

५.३ सुझावहरु ३४

५.३.१ परीक्षा सञ्चालन प्रक्रिया सम्बन्धमा दिइएका सुझावहरु ३३

५.३.२ नतिजा प्रकाशन प्रक्रिया सम्बन्धमा दिइएका सुझावहरु ३६

सन्दर्भसूची ३८

अनुसूचि  एक ३९

अध्ययनका औजारहरु ३९

१.१  केन्द्राध्यक्षलाई सोधिएका प्रश्नावलीहरु ३९

१.२ पर्यवेक्षकलाई सोधिएको प्रश्नावलीहरु ४३

१.३ उ.पु. परीक्षकलाई सोधिएका प्रश्नावलीहरु ४५

१.४ उ.मा.शि.प.का पदाधिकारी/कर्मचारीहरुलाई सोधिएको प्रश्नावलीहरु ४७

# तालिका सूचि


| तालिका नं. | तालिकाको विषयवस्तु | पेज नं. |
|---|---|---|
| १ | अध्ययनको ढाँचा | १३ |
| २ | २०६९ सालको परीक्षामा सहभागी परिक्षार्थी विवरण | १७ |
| ३ | काठमाण्डौ उपत्यका भित्र परीक्षामा सहभागी परिक्षार्थी संख्या | १८ |
| ४ | परीक्षा केन्द्रमा प्रयोग भएका भौतिक सामाग्रीहरुको विवरण | १९ |
| ५ | केन्द्राध्यक्षहरुको केन्द्र निर्धारण सम्बन्धी धारणा | २० |
| ६ | प्रश्नपत्रको सुरक्षा सम्बन्धी केन्द्राध्यक्षहरुको धारणा | २१ |
| ७ | पर्यवेक्षकको भूमिका सम्बन्धमा केन्द्राध्यक्षहरुको धारणा | २२ |
| ८ | पर्यवेक्षकको धारणा | २३ |
| ९ | परिषदको भूमिका सम्बन्धमा प्राप्त राय | २५ |
| १० | चोरी रोगथाममा अपनाईएका उपायहरु | २४ |
| ११ | उत्तरपुस्तिका परीक्षकहरुको धारणा | २८ |

# संक्षेपिकृत रुप

उ.पु.= उत्तर पुस्तिका

उ.मा.वि.= उच्च माध्यमिक विद्यालय

उ.मा.शि.प= उच्च माध्यमिक शिक्षा परिषद

एस.एल.सी. = स्कूल लिभिङ्ग सर्टिफिकेट

प.नि.का = परीक्षा नियन्त्रण कार्यालय

प्र.अ.= प्रधान अध्यापक

वि.सं. = विक्रम संवत

त्रि.वि.वि. = त्रिभुवन विश्वविद्यालय

DOE Department of Education

HSEB Higher Secondary Education Board

OCE Office of Controller of Examination

SSRP School Sector Reform Plan

TU Tribhuvan University